आदरणीय मतदाता,

मिति: २०१३ अगस्त २०

<u>बिषय: मतदान गर्ने तरिका ।</u>

मतदान गरी मतपत्रलाई तल उल्लेख गरे अनुसार खाम बन्द गरी हुलाक मार्फत **अगस्त २६ तारिक** भित्र पठाई सक्नु पर्ने छ । तल उल्लेख गरेको विधि अनुसार मतदान गर्नुहोस् ।

१. निर्वाचन आयोगबाट हुलाक मार्फत मतपत्र र दुइवटा खाम पठाएको छ । एउटा खामको बाहिर केही नलेखिएको साधा छ (जसलाई यहा "खाम १" भनिएको छ) र अर्को खामको बाहिर निर्वाचन आयोगको ठेगाना लेखिएको र टिकट टाँसिएको छ (जसलाई यहा "खाम २" भनिएको छ) ।

२. मतपत्रमा सबै उम्मेदवारको नाम लेखिएको छ । आफूलाई मनपरेको उम्मेदवारको नामको अगाडि (बाँयापट्टी)को कोठामा ( √ ) चिन्ह लगाएर मतदान गर्नु पर्ने छ । ( √ ) चिन्ह तोकिएको कोठा भित्र अटाउने गरी लगाउनु पर्ने छ । कोठा भन्दा बाहिर चिन्ह लगाए मत रद्द हुने छ ।

३. पदसंख्याका आधारमा हरेक पदमा कतिजना उम्मेदवार छनौट गर्न पाइने भन्ने कुरा मतपत्रमा प्रस्ट उल्लेख गरिएको छ । पदसंख्या भन्दा बढि उम्मेदवारको नाममा चिन्ह लगाएको खण्डमा उक्त पदको मत बदर हुने छ ।

४. मतदान गरेको मतपत्र निर्वाचन आयोगमा पठाउने तरिका निम्न अनुसार हुने छ । मतपत्रलाई साधा खाम (खाम १) भित्र राखी खाम बन्द गर्नु पर्ने छ । खाम सिल गर्न आवश्यकता अनुसार गमको प्रयोग गर्न पाइने छ । सो साधाखामको बाहिर केही पनि लेख्न पाइने छैन (मतदान प्रक्रिया गोप्य राख्नको लागि) ।

५. त्यसपछि त्यो साधा खाम र मतदाताको नाम र ठेगानाको सम्बन्ध उल्लेख गरिएको एक प्रति प्रमाण (जस्तो पानी, बिजुली, ग्यास वा फोनको बिल वा पैसा तिरेको रसिद) लाई अर्को खाम (खाम २) जसमा निर्वाचन आयोगको ठेगाना लेखिएको र ठिकट टाँसिएको छ भित्र राख्नु पर्नेछ । यदि त्यस्ता बिल उपलब्ध नभएको खण्डमा Alien Card वा Resident Card को फोटोकपी भए पनि हुन्छ । यसरी नाम ठेगानाको सम्वन्ध भएको परिचय पत्र मार्फत सहि मतदाताले मात्र मतदान गर्न पाउने ब्यबस्था गरिने छ ।

६. टिकट टाँसिएको खाम (खाम २) बन्द गरी मतपत्र हुलाक मार्फत फिर्ता पठाउनु पर्ने छ ।

माथी उल्लेख गरिएको विधिलाई तल चित्रण गरिएको छ ।

## POSTAL VOTING RULES




**NRNA JAPAN ELECTION COMMITTEE 2013**

निर्वाचन आयोगमा ती मतपत्र सहितका खाम प्राप्त भएपछि बाहिरी खाम २ लाई खोली, मतदाताको नाम र ठेगानाको प्रमाणका आधारमा मतदान गर्ने सही मतदाताको पहिचान गरिने छ र मतपत्र राखिएको साधा खाम नखोली राखिने छ । यसरी सबै मतदाताको पहिचान गरिसके पछि मतदाताबाट प्राप्त नाम र ठेगानाको परिचय पत्रको कपीलाई नस्ट गरिने छ (मतदाताको गोपनियताका लागि) । अनि साधाखाम खोली भित्र राखिएका मतको गणना गरिने छ ।

मत मान्य हुनलाई तल लेखिए अनुसार मतपत्र खाममा राखिएको हुनु पर्छ ।

मतपत्रलाई खाम १ भित्र राखी सिल गरेको हुनु पर्छ । र खाम २ भित्र खाम १ र परिचय पत्रको कपी राखिएको हुनु पर्दछ ।




NRNA JAPAN ELECTION COMMITTEE 2013

तलका अबस्थामा मत रद्द हुने छ ।

१) मतपत्रलाई अलग खाम भित्र नराखी, परिचय पत्रको कपी दुवै एउटै खाममा राखेको खण्डमा मत रद्द हुने छ ।

२) परिचय पत्रको कपी संलग्न नगरेको खण्डमा मत रद्द हुने छ ।




NRNA JAPAN ELECTION COMMITTEE 2013

गैर-आवासीय नेपाली संघ, जापान
राष्ट्रिय निर्वाचन समिति २०१३
राजन प्रधानाङ्ग (पमुख आयुक्त), डा वेद प्रसाद काफ्ले (आयुक्त), कुमार सिंखडा (आयुक्त)